# १२ पवित्र आत्माको अगुवाइमा जीवित रहनु

*<u>यस अध्यायको निम्ति पढ्नुहोस्</u> :गलाती ५:१६-२२ ,व्यवस्था १३:४,५ ,रोमी ७:१४-२४ ,यर्मिया ७:९ ,होशे ४:२ ,मत्ती २२:३५-४०।*

***<u>स्मरण गर्नुपर्ने पद</u>*** :"त्यसकारण म तिमीहरूलाई यो स्पष्ट पार्दछु ,तिमीहरू पवित्र आत्माको शक्तिबाट जीउने गर। अनि तिमीहरूको पापी शारीरिक स्वभावको माग अनुसार चल्न वाध्य हुनुपर्दैन) "गलाती ५:१६ रूपान्तरित(।

इसाई क्षेत्रमा धेरै येशूभक्तहरूले परमेश्वरको महिमाको निम्ति भजनहरू रचेका छन्। धेरै प्रिय येशूभक्तहरूमा रोबर्ट रबिन्सन पनि हुन। उनले रचेका ,"येशू बरदानको मूल धारा "इसाई क्षेत्रमा एक अत्यन्त लोकप्रिय भजन हो। तर रोबर्ट रबिन्सन सधैं विश्वासको मानिस अर्थात् येशूभक्त थिएनन्। उनको पिताको मृत्युले उनको जीवनमा क्रोधको छाप गडेको थियो। विरह र रिसले अलमलिएका रोबर्ट जडयाँहा भएका थिए। तर एकदिन भौतारिँदै जाँदा एक जना प्रख्यात प्रचारकको प्रवचन सुन्न पुगे। उनको नाउँ जर्ज ह्वाइट फिल्ड थियो। उनको प्रवचन सुनेपछि ,रोबिन्सनको मन पग्ल्यो र आफ्नो जीवन येशूलाई सुम्पिए। अनि उनि मेथोडिष्ट मतका चर्च पाष्टर भए। र त्यस उक्त भजन उनले रचे। सुरुमा रचेको त्यस भजनको पहिलो हरफ यस्तो थियो :"ओ ,अनुग्रह ,दिनदिनै म महान ऋणको वाध्यतामा म छु। मेरो बरालिएको हृदयलाई तपाईंको भलो गर्ने सिक्रीले जस्तै तपाईंसँग बाँधि राख्नुहोस्।_"

अनि बरालिएको इसाई हृदय भन्ने वाक्य कसैले मन नपराउँदा त्यस हरफलाई यसरी बदलिदिए :"स्वभावैले आराधना गर्न चाहेको ,हे प्रभु ,म यो अनुभव गर्दछु ,स्वभावैले तपाईंलाई प्रेम गर्न चाहेको म ,त्यस परमेश्वर जसको सेवा गर्दछु।

प्रकाशन गर्ने बेलामा सम्पादकले अर्थपूर्ण बनाउन खोजेकै होलान्। तर सुरुमा रचिएका शब्दहरूले इसाई संघर्षलाई उचितसँग वाख्या गर्दछ। येशूका भक्त भएकोले हामीसँग भएका दुई स्वभावलाई स्वीकार गर्नैपर्दछ। ती दुई स्वभाव हुन् :शारीरिक र आत्मिक। ती दुबै स्वभाहरू परमेश्वरबाट सधैं बरालिएका हुन्छन्। तर यदि हामी परमेश्वरको आत्मालाई हाम्रो जीवन सुम्पन्न राजी भयौं भने हामी शारीरिक अभिलाषाको दासत्वमा रहँदैनौं। पावलको त्यस मूल सन्देशलाई यस अध्यायमा उल्लेखित पदहरूले छर्लङ्ग पार्दछ।

## १. पवित्र आत्मामा हिँड्नु-गलाती ५:१६

पावलले गलाती ५:१६मा भन्दछ ,"म भन्दछु ,तिमीहरू पवित्र आत्माद्वारा हिँड। र पापस्वभावका लालसा पूरा नगर अर्थात् पापी स्वभावको मातहतमा तिमीहरू नबस। )"रूपान्तरित(। विश्वासको जीवन त्यस हिँडाइमा कसरी गाँसिएको छ ?जवाफको निम्ति देहायका पदहरू पढ्नुहोस् :व्यवस्था १३:४,५ " ४ तिमीहरूचाहिँ परमप्रभु आफ्ना परमेश्वरका मार्गमा हिँड्नू, उहाँको डर मान्नू, उहाँका आज्ञाहरू पालन गर्नू, उहाँका वचन मान्नू, उहाँको सेवा गर्नू र उहाँमै लीन भइरहनू। ५ तर त्यो अगमवक्ता वा स्वप्न-दर्शी मारिनुपर्छ, किनकि दासत्वको देश मिश्रबाट मुक्त गरेर ल्याउनुहुने परमप्रभु तिमीहरूका परमेश्वरले आज्ञा गर्नुभएको मार्गबाट तिमीहरूलाई बहकाउनलाई त्यसले तिमीहरूलाई उहाँको विद्रोह गर्न सिकायो। यसरी तिमीहरूले आफ्ना बीचबाट दुष्टता हटाउनुपर्छ।" ,रोमी १३:१३ " १३,१४ "दिउँसोजस्तै गरी हामी ठीकसँग चलौं। मोजमज्जामा, पियक्कडपनमा, व्यभिचारमा, भ्रष्टाचारमा, झगड़ामा र डाहमा होइन। १४ तर प्रभु येशू ख्रीष्टलाई धारण गर, र पापमय स्वभावको अभिलाषा पूरा गर्ने कुरामा ध्यान नदेओ।" एफिसी ४:१,१७ " १ यसकारण, म प्रभुको निम्ति एक कैदी, तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु, कि जुन बोलावटमा तिमीहरू बोलाइएका छौ त्यही योग्यको जीवन यापन गर।... १७ अब म यो जोड दिएर प्रभुमा भन्दछु र प्रभुमा गवाही दिँदछु, कि अन्यजातिहरू जसरी तिनीहरूका विचारको व्यर्थतामा जिउँदछन्त्यसरी तिमीहरू अबदेखि उसो नजिओ।" र कलस्सी १:९-१० " ९ यसैकारण हामीले त्यो सुनेको दिनदेखि उहाँको इच्छाको ज्ञानले सारा आत्मिक बुद्धि र समझमा तिमीहरू पूर्ण होओ भनेर बिन्ती गर्दै तिमीहरूका निम्ति प्रार्थना गर्न छोड़ेका छैनौं, १० र उहाँलाई पूर्ण रूपले प्रसन्न पार्ने प्रभुको योग्य जीवन बिताउँदै र प्रत्येक असल काममा फलवन्त हुँदै परमेश्वरको ज्ञानमा बढ्दैजान सक।"

"हिँड्नु "पुरानो करारको प्रचलित शब्द हो। यो शाङ्केतिक शब्द हो। मानिसको जीवनशैली वा आचरण कस्तो हुनुपर्दछ भनेर यस शब्दले व्याख्या गर्दछ। इसाई जीवन कस्तो हुनुपर्दछ भनेर पुरानो करारको यो शब्दलाई आफ्नो पत्रहरूमा पावलले बारम्वार उद्धृत गर्दछ। उनी आफै पनि यहूदी भएको कारणले यस शब्दको गरिमालाई प्रयोग गर्दछन्। फेरि प्रारम्भिक चर्चसँग गाँसिएको पहिलो नाउँ पनि यहि शब्दसँग तुलना गरि लोकमा चलेको थियो। त्यसैकारणले पनि पावलले यो शब्दलाई प्रयोग गर्दछन्। येशूका उपासक वा अनुयायीहरूलाई इसाई भनेर नाम )प्रेरित ११:२६ (दिनुभन्दा पहिले तिनीहरू "त्यस पथ"लाई पछ्याउनेहरू थिए भनेर लोकमा चलेको थियो यूहन्ना १४:६ ,प्रेरित २२:४ ,प्रेरित २४:१४। यसको अर्थ यो हुन आउँछ कि

धेरै पहिला सुरुमा येशू धर्म केवल येशूमा केन्द्रित भएर उहाँको शिक्षादीक्षा वा धर्मदर्शनमा तल्लीन हुनु मात्र होइन रहेछ। त्यो जीवनको बाटो थियो। त्यसले मानिस कुन चालमा हिँड्नुपर्छ भनेर देखाउँथ्यो।

तर पुरानो करार हिँड्नु र नयाँ करारमा हिँड्नु भनेको के फरक रहेछ भनेर पावलले देखाउँदछ? पुरानो करारमाः प्रस्थान १६:४ " तब परमप्रभुले मोशालाई भन्नुभयो, "म तिमीहरूका निम्ति स्वर्गबाट रोटी वर्साउनेछु। मानिसहरूले दिनहुँ बाहिर गएर एक दिनको हिस्सा बटुलून्। यसरी तिनीहरू मेरा आदेशमा हिँड्छन्कि हिँड्दैनन्सो म जाँच गर्न सकूँला।" लेवी १८:४ " ४ तिमीहरूले मेरा विधान र विधिहरू पालन गरेर त्यसअनुसार चल्नुपर्छ। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।" र यर्मिया ४४:२३ " तिमीहरूले धूप जलाएका, तिमीहरूले परमप्रभुको विरुद्धमा पाप गरेका र उहाँको आज्ञापालन नगरेका, अथवा उहाँको व्यवस्था, विधि र नियमहरू पालन नगरेका हुनाले यो सर्वनाश, जो आज देखिन्छ, तिमीहरूमाथि आएको हो।" नयाँ करारमाः गलाती ५:१६,२५ " १६ तर म भन्दछु, पवित्र आत्माद्वारा हिँड़, र पापमय स्वभावका लालसा पूरा नगर।... २५ हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँड़ौं।" र रोमी ८:४ " यस हेतुले कि व्यवस्थाको उचित आवश्यकता हामीमा पूर्ण होस्, हामी जो पापमय स्वभावअनुसार होइन, तर पवित्र आत्माअनुसार चल्दछौं।"

पुरानो करारमा जीवनशैली वा व्यवहारलाई "हिँड्नु "भनेर वाख्या गरिएको पाउँदैनौं। त्यो शब्दको अर्थ व्यवस्थामा हिँड्नु भन्ने शब्द नजिकको अर्थ लाग्दछ। हलखाह Halakhah अर्थात् व्यवस्थामा हिँड भन्ने शब्द यहूदीहरूले विधिलाई मध्य नजर राखेर प्रयोग गरेका थिए। पुर्खाहरूले अपनाएका कानून वा व्यवस्था र संस्कारमा भएका नीतिनियमहरूलाई प्रयोग गर्न उक्त शब्द चलाइएको थियो। हलखाह Halakhah अर्थात् व्यवस्थामा हिँडको अर्थ नै यहूदी व्यवस्था भनेर अनुवाद गरिन्छ। तर हिब्रू भाषामा हिँड भन्ने शब्द नै कुन चालमा मानिस चल्नुपर्छ भन्ने आधारमा यथार्थ अर्थ लगाइएको हुन्छ।

जब पावलले पवित्र आत्माको चालमा हिँड्नुपर्छ भनेर सम्वोधन गर्दछन् ,यसको अर्थ इसाईहरूले व्यवस्थालाई भङ्ग गरेर वा वेवास्ता गरेर चल भनेर पावलले भन्न खोजिरहेको होइन। व्यवस्था वा विशेष गरेर दश आज्ञाको बिरोधमा पावल छैनन् न त त्यसको पालन गर्नबाट उनले रोक लगाएका छन्। तर कतिपयले व्यवस्थालाई कसरी पालन गर्न खोजिरहेको छ त्यसको विरोध पावलले गर्दछन्। अत्यन्त अथक प्रयास तथा बलजफ्तीद्वारा परमेश्वरको आज्ञा पालन गराउने उनको इच्छा होइन। तर पवित्र आत्माको अगुवाइमा

भक्तिसाथ परमेश्वरको सेवा गर्ने स्वःत चाहनाले अभिप्रेरित हुँदा नै उहाँको आज्ञालाई शिरोपर गरेर मानिस चल्दछ )गलाती ५:१८(।

**के तपाईं पवित्र आत्माको अगुवाईमा हिँडिरहनुभएको छ ?तपाईंको अनुवभ कस्तो छ ?पवित्र आत्माको अगुवाइमा कसरी हिंड्ने ?तपाईंले कस्तो खालको जीवनशैली अपनाइरहनुभएको छ जसले गर्दा तपाईंलाई अगुवाइ गर्न पवित्र आत्मालाई कठिन भइरहेको छ?**

## २. येशूभक्तले भोग्नुपर्ने संघर्ष (गलाती ५:१७)

पाप स्वभावमा हिंड्दा लालचै लालच हुन्छ जुन पवित्र आत्माको बिरुद्धमा गइरहन्छन्। अनि पवित्र आत्मा पनि त्यस पापको स्वभावको बिरुद्धमा गइरहेका हुन्छन्। तिमी जे गर्न चाहन्छौ त्यसलाई रोक्न खोज्दा आफू भित्र नै अन्तरसंघर्षले पिरोलेको हुन्छ। )"गलाती ५:१७ रूपान्तरित(। के तपाईं येशूभक्त भएको नाताले पावलको उपरोक्त भनाइलाई तपाईंको जीवनमा भोग्नुभएको छ ?येशूभक्त भयो भन्दैमा सबै थोक टक् टक् नमिलि कतिपय समयमा पिडाको जीवन पनि यथार्थ जीवन हुन आउँछ। के तपाईंलाई यो थाहा छ ?रोमी ७:१४-२५ पढ्नुहोस्: " १४ किनकि हामी जान्दछौं कि व्यवस्था आत्मिक हो, तर मचाहिँ शारीरिक छु, र पापैमा बेचिएको छु। १५ म के गर्दछु, त्यो बुझ्दिनँ। किनकि म जे चाहन्छु, त्यो गर्दिनँ। तर त्यही गर्दछु, जो म घृणा गर्दछु। १६ गर्न नचाहेको म गर्दछु भने, व्यवस्था असल छ भनी म सहमत हुन्छु। १७ यसैले अब त्यो गर्ने म होइनँ, तर ममा वास गर्ने पाप हो। १८ किनकि मलाई थाहा छ, कि ममा, अर्थात्मेरो पापमय स्वभावमा केही असल कुराले वास गर्दैन। जे असल छ, त्यो गर्ने इच्छा ममा छ, तर म त्यो पूरा गर्न सक्दिनँ। १९ किनभने असल काम जो म गर्न चाहन्छु, त्यो म गर्दिनँ, तर दुष्ट काम, जो म गर्न चाहन्नँ, त्यही म गर्ने गर्छु। २० अब म जो इच्छा गर्दिनँ, त्यही गर्छु भने त्यो गर्ने म होइनँ, तर मभित्र वास गर्ने पाप हो। २१ यसरी एउटा नियमले काम गरेको म पाउँछु। जब म भलो गर्न चाहन्छु, तब दुष्टतालाई मेरो नजिकै उपस्थित पाउँछु। २२ किनकि म मेरो अन्तस्करणमा परमेश्वरको व्यवस्थामा आनन्दित हुन्छु, २३ तर मेरा अङ्गहरूमा अर्को नियमले मेरो मनमा रहेको नियमसँग युद्ध गर्दछु, र मेरा अङ्गहरूमा वास गर्ने पापको नियमले मलाई बन्धनमा पार्दछ। २४ हाय, म कस्तो दुःखी मानिस! यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला? २५ येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा नै– परमेश्वरलाई धन्यवाद होस्। त्यसैले म स्वयम्आफ्नो मनले त परमेश्वरका व्यवस्थाको सेवा गर्दछु, तर मेरो पापमय स्वभावद्वारा चाहिँ म पापका व्यवस्थाको सेवा गर्दछु।"

जुन आन्तरिक संघर्ष पावलले वर्णन गरिएका छन्, त्यो प्रत्येक मानिसले भोग्नुपर्छ भन्ने छैन। यो त इसाई जीवनको हृदयमा हुने तानातान हो। स्वभावैले मानिस आफ्नो शरीरको चाहनालाई पूरा गर्न चाहन्छ र त्यसैको लागि पनि जन्मेको हुन्छ )रोमी ८:७(। त्यसकारण जब हामी पवित्र आत्माको अगुवाईमा नयाँ जीवनको अनुभूति प्राप्त गर्छौं तब हामीभित्र आत्मिक संघर्ष चर्कन थाल्दछ )यूहन्ना ३:६(। यसको अर्थ यो पनि होइन कि गैर-इसाई वा येशूलाई विश्वास नगर्ने व्यक्तिको हृदयमा दुष्ट र असलको संघर्ष कहिल्यै पनि हुँदैन। जुनसुकै मानिस पनि आन्तरिक संघर्षमा सहभागी भएको हुन्छ। तर येशूलाई विश्वास नगर्नेलाई पनि पवित्र आत्माले घचघच्याइरहेको हुन्छ। तर येशूभक्तले गर्नपर्ने संघर्ष नयाँ खालको हुन्छ। किनभने जब कोहि मानिस येशूलाई विश्वास गर्दछ उनमा दुई स्वभाव हुन्छन् र ती स्वभावहरू एक आपसमा जुधिरेहका हुन्छन्-ती स्वभाव हुन् शारीरिक र आत्मिक।

इसाई इतिहासको सुरूदेखि नै येशूभक्तहरूले उक्त आन्तरिक संघर्षबाट राहत पाउन धेरै चाहना गरेका थिए। त्यस संघर्षबाट अलग हुन कतिपयले त समाजबाट लुकेर साधुको जीवन वा गुफामा वस्ने जीवन येशूभक्तले बिताएको सबैलाई थाहा भएकै कुरो हो। कतिपयले त पापी स्वभाव परमेश्वरको सदाशय तथा अनुग्रहले हटाइ हाल्छ नि किन संयताको निम्ति आत्मसंघर्ष गर्ने भन्ने भावनामा पौडी खेलिरहेको पाइन्छ। तर दुवै खालको प्रयास गलत छ। यो ध्रुव सत्य छ कि परमेश्वरको आत्माको बलले हाम्रा शरीरको अधिलाषालाई बसमा राख्न सक्दछौं। तर यस भौतिक शरीरमा त्यसबेलासम्म अन्तरसंघर्ष जारी रहनेछ जबसम्म येशूको दोश्रो आगमनमा हामीले नयाँ शरीर पाउँदैनौं। समाजबाट भागेर बस्यो भन्दैमा त्यसले हामीलाई राहत दिन्छ भन्ने छैन। समाजबाट त भाग्छौं होला ,तर हामीबाट हामी भाग्न सक्दैनौं। त्यसकारण हामी जहाँ गएतापनि हामीमा भएको अन्तरसंघर्ष पनि गइरहेको हुन्छ। यो प्रक्रिया हाम्रो मृत्युसम्म वा येशूको दोश्रो आगमनसम्म जारी रहनेछ। इसाई जीवनमा भइरहने अन्तरसंघर्षको बारेमा पावलले रोमी ७मा स्वीकार गरेर लेखेका छन्। येशूभक्तले जे गर्न चाहन्छ त्यो आत्मसंघर्षले गर्दा रोक्न खोज्दछ। आफूभित्र भइरहने आन्तरिक संघर्षलाई पावलले नलुकाइकन सार्वजनिक रूपमा खुलासा गर्दछ। येशूलाई विश्वास गरेपछि हामीमा दुई स्वभावले अड्डा जमाएको हुन्छ। ती स्वभाव एक आफसमा मेल नखाने भएकोले एक आफसमा द्वन्द भइरहेको हुन्छ र हामी त्यसको माझमा हुन्छौं। हामीहरूमा भएका शरीरले चाहने भौतिक आकांक्षा आत्मिक जीवनको शत्रु हो। अनि येशूभक्तभएतापनि शारीरिक अभिलाषा ,आँखाको लोभ र अरू भन्दा म किन कम हुने भन्ने अहमताको स्वभावसँग हामी लड्न कमजोर छौं। तर

येशूभक्तमा आशाको किरण निभेको हुँदैन। यदि हाम्रा पापी स्वभावलाई चिनेर त्यसमाथि बिजय प्राप्त हुन चाहन्छौं भने पवित्र आत्माको निर्णयमा हाम्रो जीवन दिन दिनै सुम्पनु पर्दछ। त्यसै कारण पावलले हामी सबैलाई पवित्र आत्मामा हिँड्नुपर्दछ भनेर प्रोत्साहन दिँदै कडा रूपमा आह्वान गर्दछन्।

तपाईं येशूभक्त भएकै नाताले यी दुई स्वभावको संघर्षमा तपाईं परिरहनुभएको होला। यो येशूको आगमन नहुँञ्जेल वा हाम्रो मृत्यु नहुँञ्जेल संघर्षमा परिरहेका येशूभक्तलाई तपाईं कस्तो सरसल्हाह दिनु हुन्छ ?वा त्यो सल्लाह दिन तपाईं सक्षम हुनुभएको छ?

## ३. भौतिक शरीरको क्रियाकलाप (गलाती ५:१९-२४)

भौतिक शरीर र आत्मिक स्वभावको बीचमा भइरहने संघर्षलाई स्वीकार गर्दै उक्त विषय हाम्रो समक्ष प्रस्तुत गरेको अघिल्लो बुँदामा हेरेका थियौं। त्यस संघर्षलाई अझ वाख्या गर्दै पावलले गलाती ५:१८:२६मा सूची बनाउँदछन्। त्यस सूचीमा के खराब छन् के उत्तम छन् सो समावेश भएकाछन्। यो सूची दुवै यहूदी र ग्रीक तथा रोमी साहित्यमा प्रचलित छ। यस सूचीमा कुन खराब अवगुणबाट अलग हुनुपर्दछ र कुन असल क्रियाकलापमा चल्नु पर्दछ भनेर उल्लेख गरेकाछन्।

गलाती ५:१९-२४मा उल्लेख गरेको पावलको सूचीलई गम्भीरतापूर्वक नियालेर पढ्नुहोस्। देहायका पदहरूमा पनि त्यस्तै खालका सूची प्रस्तुत गरिएकाछन्। तर पावलको सूचीसँग तुलना गर्दा के अन्तर वा समान छन् ?हेर्नुहोस् :यर्मीया ७:९-११ " ९ “ ‘के तिमीहरू चोरी गर्छौं, हत्या गर्छौं, व्यभिचार गर्छौं, झूटा देवताहरूको नाउँमा शपथ खान्छौ, बाल देवतालाई धूप बाल्छौ र तिमीहरूले नजानेका देवताहरूका पछि लाग्छौ, १० अनि त्यसपछि मेरो नाउँको यस भवनमा आई मेरो सामुन्ने खड़ा भएर भन्छौ, “हामी सुरक्षित छौं”– अनि फेरि यी नै घृणित कामहरू गर्नलाई ढुक्क बस्छौ? ११ के मेरो नाउँले कहलाइएको यो भवन तिमीहरूका निम्ति डाँकूहरूको ओड़ार भयो त? तर म आफैले यो हेरिरहेछु, परमप्रभु भन्नुहुन्छ।", होशे ४:१-३ " १ इस्राएलीहरू हो, परमप्रभुको वचन सुन, किनकि यस देशका बासिन्दाहरूमाथि परमप्रभुको आरोप छः “यस देशमा विश्वस्तता छैन, प्रेम छैन र परमेश्वरको मान्यता पनि छैन। २ यहाँ सराप दिनु, झूट बोल्नु, हत्या, चोरी र व्यभिचार गर्नुबाहेक अरू केही छैन। तिनीहरू सबै सीमा नाघेर हत्यामाथि हत्या गर्छन्। ३ यसैकारण यस देशले विलाप गर्छ, र यसमा बस्ने सबै क्षीण हुन्छन्, र वनका जन्तु, आकाशका पन्क्षी र समुद्रका माछाहरूसमेत पनि मरिरहेछन्।", मर्कूस ७:२०-२२ " २० उहाँले भन्नुभयो, “मानिसबाट जे बाहिर निस्कन्छ त्यसैले

मानिसलाई अशुद्ध पार्छ। २१ किनकि भित्रबाट, अर्थात्मानिसको हृदयबाट खराब विचार, व्यभिचार, चोरी, हत्या, परस्त्रीगमन, २२ लोभ, दुष्टता, छल, छाडापन, ईर्ष्या, निन्दा, घमण्ड, मूर्खता निस्कन्छन्। २३ यी सबै दुष्ट कुराहरू भित्रबाट निस्कन्छन्, र मानिसलाई अशुद्ध पार्छन्।", १ तिमोथी ३:१-५" १ यो भनाइ विश्वासयोग्य छ, यदि कुनै मानिसले बिशपको काम गर्ने चाहना गर्छ भने त्यसले असलै कामको इच्छा गर्छ। २ यसकारण बिशपचाहिँ कसैले दोष लगाउन नसक्ने, एउटै पत्नीका पति, संयमी, समझदार, सम्मानित, अतिथिसत्कार गर्ने, सुयोग्य शिक्षक होऊन्, ३ मतवाला र रिसाहा होइन तर तिनी विनम्र, झगड़ा नगर्ने, धनको लोभ नगर्ने, ४ आफ्नो घर राम्ररी चलाउन सक्ने र आफ्ना छोराछोरीहरूलाई आदरपूर्वक आज्ञापालन गर्ने बनाऊन्। ५ यदि कुनै मानिसले आफ्ना घरकाहरूलाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र?", १ पत्रुस ४:१-४ " १ जसरी ख्रीष्टले शरीरमा दुःख भोग्नुभयो, त्यसरी नै तिमीहरूले पनि त्यही किसिमको विचार धारण गर, किनभने जसले शरीरमा दुःख भोगेको छ, त्यसले पाप गर्न छोड़ेको हुन्छ। २ यसरी त्यसले आफ्नो जीवनको बाँकि समय फेरि मानिसको कुइच्छामा होइन, तर परमेश्वरको इच्छामा बिताउँछ। ३ बितेका दिनमा अन्यजातिहरूले गरेझैं तिमीहरूले व्यभिचार, कुवासना, मद्यपान, मोजमज्जा, पियक्कड़पन र घृणित मूर्तिपूजामा प्रशस्त समय बितायौ। ४ तिमीहरू तिनीहरूसँग भ्रष्टताको बाटोमा नहिँड़िका देखेर तिनीहरू छक्क पर्छन्, र तिमीहरूको बदख्वाइँ गर्छन्।" र प्रकाश २१:८ " ८ तर डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू, हत्याराहरू, व्यभिचारीहरू, जादूगरहरू, मूर्तिपूजकहरू र झूटा बोल्नेहरू सबैको हिस्सा आगो र गन्धक दन्कने कुण्डमा हुनेछ। यो दोस्रो मृत्यु हो।"

पावललाई आफूले बनाएका र अरूको सूचीको बारेमा राम्रो जानकारी थियो। तर गलातीमा उल्लेख गरेका दुई सूचीहरूको बीचमा महत्त्वपूर्ण भिन्नता पावलले देखाएका छन्। ती सूचीलाई पावलले दुई तरिकाबाट प्रस्तुत गर्दछन्। नराम्रा क्रियाकलापलाई "शरीरका कामहरू "भनेका छन् भने असल क्रियाकलापहरूचाहिँ "पवित्र आत्माको फल "भनेका छन्। यो अन्तर अत्यन्त महत्त्वपूर्ण वा उल्लेखनीय छ। लेखक जेम्स डी. जी. डनले त्यस बिषयमा यसरी लेख्दछ ,"भौतिक शरीरले माग गर्दछ ,तर आत्माले उत्पादन गर्दछ। एउटा खालको सूचीले स्वार्थ-केन्द्रित वा स्वार्थी भएको देखाउँछ जुन नकारात्मक र मानिसलाई बिगार्नमा अग्रसर गराउँदछ। तर अर्को सूचीचाहिँ अरू मानिसप्रति बढी सरोकार भएको र शान्ति तथा एक आफसमा विश्वासको वातावरण बनाउन अग्रसर गराउँदछ। स्पष्टरुपमा भन्ने हो भने एउटाले खराब

आचरण देखाउँछ भने त्यसको बिपरित अर्कोले असल आचरण देखाउँदछ। अर्थात् ती दुईको बीचमा हुने संघर्षलाई प्रतक्ष रूपमा देखाउँदछ। तर असल सूचीले परमेश्वरको स्वभाव देखाउँदछ। यसले मानिसको जीवनमा सकारात्मक परिवर्तन ल्याउँदछ र एक आपसको सम्वन्ध सुमधुर तुल्याउँछ। किनभने असल सूचीले अरूसँग कसरी व्यवहार गर्ने भनेर सिकाउँदछ। -द इपिस्टल टु द गलेशीयनस् ,पृ. ३०८बाट रूपान्तरित।

पावलले तयार गरेको सूचीमा खराब क्रियाकलापलाई बहुवचन प्रयोग गरिएको छ। यो भिन्नताचाहिँ चासोको विषय हो। “भौतिक शरीरका क्रियाकलापहरू अर्थात् पाप-स्वभावका कामहरू "भनेर पापी मानिसका नियतहरू कस्ता कस्ता हुन्छन् भनेर पावलले तोक्दछ। तर असल गुणहरूलाई पवित्र आत्माको फल भनेर पावलले एक वचनको प्रयोग गर्दछन्। यो भिन्नताले के देखाउँछ भने पाप-स्वभाव अर्थात् भौतिक शरीरको चाहनालाई सर्वोपरि गरेर हिँड्नेमा झगडा ,कचकच ,एक आपसमा दुःख दिने ,समस्यै समस्याहरू हुने र मनमुटाव भएर एक आपसमा विभाजित हुने जस्ता मनस्थितिहरू हुन्छन्। तर पवित्र आत्माको अगुवाईमा चल्नेहरूले केवल एउटा फलमात्र फलाउँछ तर त्यस फलमा नौवटा गुणहरू हुन्छन् जसले एक हुन प्रोत्साहित गराउँछ।

परमेश्वरको बारेमा मानिसले जस्तो सोचे पनि केहि फरक पर्दैन, यदि सच्चादिल वा मनमा पाप छैन भने केहि फरक पर्दैन भनेर पनि कतिपय मानिसहरूले सोच्दछन्। तर यो धारणा गलत छ। पावलले पाप-स्वभाव भएका मानिसहरूमा हुने नराम्रा कामले उपरोक्त भनाइको खण्डन गर्दछन् : परमेश्वरको बारेमा अशुद्ध वा अनुचित सोचले गर्दा मानिसलाई यौन व्यवहार र धर्मको बारेमा गलत धारणातिर अगुवाइ गर्दछ। यसले मानिस मानिस बीचको सम्वन्ध बिगार्दछ। यति मात्र होइन यस्तो गलत धारणालाई मनमा जीवित राखियो भने त्यसले अनन्त जीवनलाई गुमाइ दिन सक्दछ )गलाती ५:२१(।

**पाप-स्वभावले ल्याउने कामहरू वा दुर्गुणहरूको सूची फेरि पढ्नुहोस्। ती प्रत्येक दुर्गुणहरूले दश आज्ञाका एक वा वढि आज्ञालाई कसरी तोडेको हुन्छ?**

## ४. पवित्र आत्माको फल (गलाती ५:२२-२४)

परमेश्वरले आफ्नै हातले कोर्नुभएको दश आज्ञालाई हामीले पालन गर्दा पवित्र आत्माको फल फलाइरहेको हुन्छ भन्ने धारणालाई पावलले गलाती ५:२२-२४मा उल्लेख गरेको सूचीले कसरी पुस्टि गर्दछ? गलाती ५:२२-२६ " २२ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, २३ नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था

छैन। २४ तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्। २५ हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिंड़ौं। २६ हामी अहङ्कारी नहोऔं, एउटाले अर्कोलाई रीस नउठाऔं, र एउटाले अर्कोलाई ईर्ष्या नगरौं।", मत्ती ५:२१-२८ " २१ "तिमीहरूले सुनेका छौ, प्राचीन समयका मानिसहरूलाई यसो भनिएको थियो, 'तैंले हत्या नगर्नू', र जसले हत्या गर्छ त्यो दण्डको योग्य हुनेछ।' २२ तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्दछ त्यो दण्डको योग्य हुनेछ, र जसले आफ्नो भाइको अपमान गर्दछ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई 'तँ मूर्ख' भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ। २३ "यसकारण तिमीले वेदीमा आफ्नो भेटी चढ़ाउँदा तिम्रो भाइको हृदयमा तिम्रो विरुद्धमा केही छ भन्ने तिमीलाई याद भयो भने, २४ तिम्रो भेटी त्यही वेदीको सामु छोड, र जाऊ। पहिले आफ्नो भाइसँग मिलाप गर, र त्यसपछि आएर आफ्नो भेटी चढ़ाऊ। २५ "तिम्रो वादीसँग अदालतमा जाँदा बाटोमै मिलाप गरिहाल, नत्रता वादीले तिमीलाई न्यायाधीशको हातमा सुम्पिदेला र न्यायाधीशले अफिसरको हातमा सुम्पिदेलान्, र तिमी झ्यालखानमा पर्नेछौ। २६ साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीले एक-एक पैसा चुक्ता नगरुञ्जेल तिमी त्यहाँबाट उम्कनेछैनौ। २७ "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तैंले व्यभिचार नगर्।' २८ तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ।" र मत्ती २२:३५-४० " ३५ तिनीहरूमध्ये एक जना व्यवस्थाका अध्यापकले उहाँको परीक्षा गर्ने विचारले उहाँलाई सोधे, ३६ "गुरुज्यू, व्यवस्थामा महान्आज्ञा कुन हो?" ३७ उहाँले तिनलाई भन्नुभयो, "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ३८ महान्र प्रथम आज्ञा यही हो। ३९ दोस्रो पनि त्यस्तै छ, तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू। ४० सारा व्यवस्था र अगमवक्ताहरूका शिक्षाको आधार नै यी दुई आज्ञाहरू हुन्।"

प्रेमको सट्टामा वा प्रेमको विकल्पमा हामीले दश आज्ञा मान्न निर्णय गर्ने होइन। दश आज्ञाले परमेश्वर र मानव जातिलाई कसरी प्रेम ,स्नेह ,माया देखाउने हो त्यसको लागि अगुवाइ गर्दछ। अक्षरस व्यवस्था भन्दा प्रेम माथि रहन सक्दछ। तर प्रेम व्यवस्था अर्थात् परमेश्वरको दश आज्ञाको विरोधमा खडा हुँदैन। परमेश्वरलाई प्रेम देखायो भने र अरू मानिसलाई प्रेम देखाइयो भने दश आज्ञाको आवश्यकता हुँदैन भन्ने तर्क अर्थहीन छ। प्रकृतिप्रतिको मोहको कारणले गुरुत्वाकर्षणको नियम निष्क्रिय भयो भने जस्तै हो।

शरीरका कामहरूलाई पन्ध्र शब्दहरूले वाख्या गरेका छन्। )ती सबै नकारात्मक शब्दहरू अर्थात् मानिसलाई अधोगतितिर लाने अवगुणहरू हुन्(। तर पवित्र आत्माको फलचाहिँ केवल नौवटा भागहरूमा छुट्याएका छन्। ती भागहरू सबै सकारात्मक छन् )जसले मानिसलाई अर्थपूर्ण जीवन बिताउन सघाउँछन्(। बाइबलका विद्धानहरूले ती नौ भागहरूलाई तीन समूहमा बिभाजन गरेका छन्। तर त्यस विभाजनको महत्त्वताप्रति तिनीहरू आफै बिवाद गर्दछन्। कतिले भन्छन् तीन भागमा विभाजन गरेको कारण त्री-एक परमेश्वरसँग सरोकार भएर नै हो। कसैले यो भन्छन् ,ती तीन समूहको अर्थ हामी मानिस भएको कारणले परमेश्वर र अरू मानिससँग कसरी सम्वन्ध राख्नुपर्छ भनेर देखाउने तरिका हो। अनि परमेश्वर र अरू मानिससँगको सम्वन्धमा सुमधुरता ल्याइयो भने हाम्रो व्यक्तिगत जीवन पनि अर्थपूर्ण र आदरणीय हुन आउँछन्। फेरि कसैले भन्छ त्यस सूचीले त येशूको जीवनलाई सिद्ध रूपमा वाख्या गर्दछन्। ती विभिन्न दृष्टिकोणहरू असल तर्कसङ्गत हुनसक्दछन्। तर इसाई जीवनमा प्रेमको गरिमा अत्यन्त महत्त्वपूर्ण गुण हो भन्ने पावलको दृष्टिकोणलाई हामीले सम्झनु अत्यन्त जरूरी छ।

ती नौ वटा भागहरूमा सर्वप्रथम् प्रेमको उल्लेखलाई पावलको आकस्मिक सोच थियो भन्न मिल्दैन। प्रेमको गरिमामय वा आदरणीयतालाई इसाई जीवनमा कत्तिको महत्वपूर्ण छ भनेर पावलले गलाती ५:६ र १३मा उल्लेख गरिसकेकाछन्। अनि विश्वासीहरूमा हुनुपर्ने विभिन्न गुणहरू वा असल कामहरूको सूचीमा प्रेमलाई अन्तपनि समावेश गरिएको छ )२ कोरन्थी ६:६ , १ तिमोथी ४:१२ ,१ तिमोथी ६:११ र २ तिमोथी २:२२ आदि(। याद गर्नुहोस् ,अरू सबै गैर-इसाई पुस्तकहरूमा अरू सबै असल भागहरू वा गुणहरूलाई उल्लेख गरेको पाइन्छ। तर प्रेमचाहिँ इसाई विषेशता हो। सबै असल गुणहरूमा प्रेम पनि त एक गुण हो भनेर इसाई सोच होइन। बरू येशूभक्तको जीवनमा प्रेमको भूमिका अत्यन्त उल्लेखनीय हुनुपर्दछ किनकि अरू सबै असल गुण वा भागहरूलाई खोल्ने साँचो नै प्रेम हो। पवित्र आत्माको शिखर वा उत्कृष्ट गुण प्रेम हो )१ कोरन्थी १३:१३ ,रोमी ५:५ (र प्रत्येक येशूभक्तको जीवन र नियत तथा भावनाहरूमा प्रेम समावेश हुनु अनिवार्य छ (यूहन्ना १३:३४,३५)। कतिपय समयमा प्रेमलाई प्रकट गर्नु अत्यन्त कठिन हुनसक्छ तर येशूभक्तको जीवनमा प्रेमको विकल्प अरू छैन।

**प्रेममा कतिको त्याग समावेश भएको हुन्छ ?के बिना त्याग तपाईंले प्रेम गर्न सक्नुहुन्छ ?प्रेम र त्यागको बारेमा येशूले के सिकाउनुहुन्छ?**

**५. बिजयको पथमा (गलाती ५:१६-२६)**

प्रत्येक येशूभक्तको हृदयभित्र शरीर र आत्माको अन्तरद्वन्द्व घमासान रूपमा चलि नै रहेको हुन्छ। तर येशूभक्तको जीवनलाई हार ,असफलता ,र पापले नियन्त्रण गर्नुपर्छ भन्ने छैन।

**जब पवित्र आत्मालाई हाम्रो जीवनमा आधिपत्य जमाउन हामी दिन्छौं तब त्यसले शरीरका अभिलाषाहरूलाई कसरी बसमा राख्दछ भनेर गलाती ५:१६-२६ले बताउँदछ ?अर्थपूर्ण र आत्मिक जीवन बिताउने मूल सुत्र के हुन् त? हेर्नुहोस्: " १६ तर म भन्दछु, पवित्र आत्माद्वारा हिँड़, र पापमय स्वभावका लालसा पूरा नगर। १७ किनकि पापमय स्वभावका लालसा पवित्र आत्माको विरुद्ध हुन्छन्, अनि पवित्र आत्माको इच्छा पापमय स्वभावको विरुद्ध। तिमी जे गर्न चाहन्छौ त्यसबाट तिमीहरूलाई रोक्नका निम्ति यीचाहिँ एक-अर्काको विरुद्धमा हुन्छन्। १८ तर यदि तिमीहरू पवित्र आत्माद्वारा डोऱ्याइएका हौ भनेता तिमीहरू व्यवस्थाको अधीनमा हुँदैनौ। १९ पापमय स्वभावका कामहरू प्रत्यक्ष छन्, जो यी नै हुन्– व्यभिचार, अपवित्रता, लम्पटपना, २० मूर्तिपूजा, मन्त्रतन्त्र, दुश्मनी, झैंझगड़ा, ईर्ष्या, क्रोध, स्वार्थीपन, फूट, गुटबन्दी, २१ डाह, पियक्कड़पन, अशलील मोजमज्जा र यस्तै अरू, जसका विषयमा म तिमीहरूलाई चेताउनी दिन्छु, र अघि पनि दिएकै हुँ। जस-जसले यस्ता कामहरू गर्दछन्, परमेश्वरका राज्यका हकदार बन्नेछैनन्। २२ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वसता, २३ नम्रता, संयम हुन्। यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन। २४ तर तिनीहरू, जो ख्रीष्ट येशूका हुन्, तिनीहरूले पापमय स्वभावलाई त्यसको वासना र लालसासहित क्रूसमा टाँगिदिएका छन्। २५ हामी पवित्र आत्माद्वारा जिउँछौं भने आत्माकै अनुसार हिँड़ौं। २६ हामी अहङ्कारी नहोऔं, एउटाले अर्कोलाई रीस नउठाऔं, र एउटाले अर्कोलाई ईर्ष्या नगरौं।"**

पवित्र आत्माको बसमा रहन्दा येशूभक्तको जीवन कस्तो हुन्छ भनेर पाँचवटा मूल क्रियापदहरूद्वारा पावलले गलाती ५:१६-२६मा उल्लेख गर्दछ। प्रथम ,विश्वासीहरू पवित्र आत्मामा हिँड्नुपर्दछ )पद १६(। यसको ग्रीक शब्द हो पेरिपेटियो peripateo। यसको अर्थ हो पछि पछि लाग्नु वा वरिपरि घुम्दै हिँड्नु। ग्रीक सभ्यतामा ख्यातीप्राप्त दार्शनिक आरिस्टोटलका अनुयायीहरूलाई पेरिपटेटिक Peripatetics मानिन्थ्यो ,किनकि ती श्रद्धेय गुरू जहाँ जहाँ जान्थे त्यहाँ त्यहाँ ती अनुयायीहरू जान्थे। वर्तमान काललाई प्रयोग गरेर क्रियापद “हिँड् "भनेर पावलले उल्लेख गरेको अर्थ पवित्र आत्मामा कहिलेकाहिँ वा विशेष अवसरमा मात्र हिँड्नु भनेको उनको धारणा होइन। तर यो दैनिक तथा निरन्तर रूपमा हिँड्नुपर्छ भनेर पावलको आह्वान हो भनेर मानिलिनुपर्दछ।

“हिँड "भनेको केवल सुझाव नभएर निर्देशन हो। दिनदिनै पवित्र आत्मामा हिँड्न हामीले निर्णय गर्नुपर्दछ। यस्तो खालको दैनिक चाला हाम्रो व्यक्तिगत छनोट हो। उहाँको चालमा हिँड्न व्यक्तिगत आत्मनिर्णयको अधिकार हामीलाई नै सुम्पिएको छ।

दोश्रो क्रियापद “अगुवाईमा) "पद १८ (हो। यसको अर्थ पवित्र आत्माले हामीलाई कहाँ लैजान चाहनुहुन्छ वा लैजानुपर्दछ त्यसको अगुवाईमा हिँड्नु आवश्यक छ। उहाँमा हिँड्नु भनेकै उहाँको नेतृत्वलाई शिरोपर गर्दै उहाँको पछि लाग्नु हो। गलाती ५:१८लाई रोमी ८:१४ ,१ कोरन्थी १२:२सँग तुलना गर्नुहोस्। हाम्रो काम हामीले जीवनको नक्सा कोरेर पवित्र आत्मालाई त्यस नक्सा अनुसार चल्न उहाँलाई अनुरोध गर्ने होइन ,तर उहाँले कोर्नुभएको नक्सामा हिँड्न उहाँको अगुवाईमा भर पर्नु हो।

अर्को दुई क्रियापदचाहिँ गलाती ५:२५मा देखापर्दछ। पहिलो क्रियापद “जीउनु) "ग्रीक भाषामा zao जाओ(। जब कोहि येशूलाई ग्रहण गर्दछ तब त्यो व्यक्तिले नयाँ-जन्मको अनुभव गरेको हुनु आवश्यक छ भनेर पावलले भन्न खोजिरहेको पाउँछौं। वर्तमान काल “जीउँछौं"लाई प्रयोग गरेर नयाँ-जन्मको अनुभव जीवनमा एक पटक होइन तर दैनिक रूपमा पुनर्जन्मको अनुभव हुनुपर्दछ भन्ने धारणा पावलको हो। )“जब म बिउँझन्छु ,तब म तपाईंसँगै हुन्छु "भनेर दाउदले आफ्नो दैनिक जीवन परमेश्वरसँग कसरी नयाँ भइरहनेरहेछ भनेर आफ्नो भावना व्यक्त गर्दछन् -भजन १३९:१८(। हामी पवित्र आत्मामा जीउने हुनाले पवित्र आत्माकै अगुवाईमा हामी हिँड्नुपर्छ भनेर पावलको धारणा हो। यस २५पदमा “हिँडौ "भन्ने शब्दको अनुवाद पद १६को भन्दा फरक छ। यहाँ प्रयोग गरिएको ग्रीक शब्द स्टोइचियो stoicheo हो। यो शैनिक शब्द हो। यसको अर्थ “लाईनमा बस्नु“, “कदम कदममा अघि बढ्नु "वा “निर्देशन अनुसार चल्नु "हो। पवित्र आत्माले हामीलाई जीवन दिनुहुन्छ र कुन गतिमा प्रत्येक दिन हामी हिँड्नु पर्दछ त्यो गति उहाँकै अगुवाईमा हुनुपर्दछ भनेर पावलले भन्न खोजिरहेको हो।

पापको स्वभावलाई क्रुसमा टाँग्नु "भनेर अर्को क्रियापद पावलले पद २४मा प्रयोग गर्दछ। यो पदले कोहिलाई आघात पार्न सक्दछ ,अर्थात धक्का पुर्‍याउन सक्दछ। यदि हामी पवित्र आत्माको पछि लाग्ने निर्णय गर्छौं भने हाम्रा शरीरको कामबासना र लालसा अर्थात् स्वार्थको प्राथमिकतालाई मार्न अठोट हुनुपर्दछ रे। पावलले शाङ्केतिक भाषामा बोलेको हो भनेर हामी बुझ्नुपर्दछ। आत्मिक जीवनको भोकलाई तृप्त गर्नु भनेकै यस शरीरलाई क्रुसमा टाँग्नु हो। शरीरको चाहनालाई भौकै राख्नु भनेकै हाम्रो शरीरलाई क्रुसमा टाँग्नु हो।

**तपाईंको जीवनमा कस्तो खालको विजयको आवश्यक छ जुन् अहिले छैन ? येशू खीष्टमा प्रतिज्ञा गरिएका विजयहरूलाई तपाईंको आफ्नै बनाउन तपाईंको जीवनमा के परिवर्तन गर्नुपर्दछ र त्यस अनुसार चल्न कस्तो निर्णयहरू गर्नुपर्दछ?**

**उपसंहारः**

" येशूभक्तको जीवन सधैं शान्तिमय वा समथर हुँदैन। येशूभक्तले गम्भीर चुनौतिहरूको सामना गर्नुपर्दछ। सैतानले अनेकन् ठूला प्रलोभन ,लालसा , महत्वाकाँक्षा आदिद्वारा उसलाई हमला गर्नसक्दछ। 'पाप स्वभावको लालसा पवित्र आत्मको खिलाफमा गइरहेको हुन्छ भने पवित्र आत्माको इच्छा पाप स्वभाव अर्थात् शारीरिक स्वभावको खिलाफमा गइरहेको हुन्छ') गलाती ५:१७ रूपान्तरित(। जब हामी यस पृथ्वीको इतिहासको अन्त्यतिर जब जब नजिक आउँछौं तब तब सैतानको हमला अझ बढि खतरापूर्ण हुनसक्दछ। उसको हमला झन झन कडा रूपमा बढेर जान्छ र त्यो कहिलेकाहिँ नभएर बारम्बार हुनसक्दछ। जसले सत्य र ज्योतिलाई ग्रहण गर्न इन्कार गरिनै रहन्छ त्यसले परमेश्वरलाई प्रेम गर्ने र उहाँका आज्ञाहरूलाई पालन गर्नेप्रति आफ्नो हृदय कठोर र तीतो पारिराखेको हुन्छ।"–एलेन जी ह्वाइटको टिप्पणी ,*एसडिए बाइबल कमेन्टरी* ,ठेली ६ ,पृ. ११११बाट रूपान्तरित।

पवित्र आत्माको प्रभाव नै मानिसको आत्मामा खीष्टको जीवन हो। प्रतक्ष रूपमा वा आमने सामुने हामीले येशूलाई देख्दैनौं र उहाँसँग त्यसरी बातचित गर्दैनौं। तर जहाँ भएतापनि उहाँको पवित्र आत्मा हाम्रो नजिक हुनुहुन्छ। प्रत्येक व्यक्ति जसले खीष्टलाई ग्रहण गर्दछ त्यसको जीवनमा पवित्र आत्मा क्रियाशील हुन्छ। जसको जीवनले पवित्र आत्माको अगुवाईमा चलेको भनेर देखाउँदछ ,उसको जीवनमा पवित्र आत्माको फल फलिनै रहेको हुन्छ ,जुन प्रेम ,आनन्द ,शान्ति ,शहनशीलता वा सदाशयता ,नम्र अर्थात् भद्रपना ,सर्वोहित चाहने र परमेश्वरमा अठोट बिश्वास हुन् )मानुस्क्रिप्ट ४१ ,१८९७(।"– एलेन जी ह्वाइट,*एसडिए बाइबल कमेन्टरी* ,ठेली ६ ,पृ. १११२बाट रूपान्तरित।

**चिन्तनमनन :**

१) आफ्नो शारीरिक बाहुल्यता वा अभिलाषालाई क्रुसमा टाँगी दिनु भनेको के हो ,त्यसको बारेमा सोच्नुहोस्। यसको अर्थ के हो ?हाम्रो शरीरलाई क्रुसमा कसरी टाँगिदिने ?कतिपटक यो प्रक्रिया अपनाउनु पर्दछ ?पावलले यस्तो कडा क्रियापद किन प्रयोग गरे होलान् ?क्रुसमा टाँगिदिनु भन्ने शब्द पावलले प्रयोग गर्दा प्रत्येक येशूभक्तमा आन्तरित संघर्ष

कस्तो चर्को हुने रहेछ भन्ने कुरामा के तपाइँ सहमत हुनुहुन्छ?

२) पवित्र आत्माको फल फलाउन मानिसको भूमिका के छ ? तपाइँकै अनुभवमा त्यो भूमिकालाई तपाइँ के भन्नुहुन्छ?

३) जो मानिस पाप-स्वभावलाई प्राथमिकता दिएर चल्दछ त्यो मानिसले परमेश्वरको राज्य ग्रहण गर्न सक्दैन भन्ने पावलको तर्क छ। हामी विश्वासद्वारा जीउँछौ तर कर्म अर्थात् धार्मिक क्रियाकलापको आधारबाट होइन भन्ने पावलकै अभिव्यक्तिलाई क्रुसमा टाँगिनुपर्ने शिक्षालाई कसरी तुलना गर्ने?

४) तपाइँ दिन दिनै परमेश्वरसँग हिंड्ने कुरामा कस्तो संघर्ष तपाइँले गरिरहनुभएको छ ?के यो पाप र पापले गर्दा परमेश्वरसँगको सम्वन्धमा खलबल ल्याउने कुरासँग त होइन ?येशूलाई विश्वास गर्दा पापमाथि बिजयी जीवन बिताउन पाइन्छ भन्ने आस्था हुँदा हुँदै पनि कतिपय अवस्थामा हामी चुक्दछौ र निराशाको भूमरीमा पनि परिरहेका हुन्छौं। येशूद्वारा पापमाथि विजय प्राप्त गर्न सक्छौं भनेर हामीलाई आश्वासन दिइएकोछ। तर हामीले पाउने मुक्ति भनेको येशूले के गर्नुभयो त्यसमा भरपर्छ भन्ने कुरालाई किन हरदम ख्याल गरिरहनुपर्दछ?

**सारांश:**

शारीरिक चाहना र आत्मिक चाहनाको बीचमा हरदम अन्तरसंघर्ष भएको प्रत्येक येशूभक्तले अनुभव गर्दछ। तर येशूभक्तको जीवन असफलको भुमरीमा परिहरनु आवश्यक छैन। येशू ख्रीष्टले पाप र मृत्युमाथि बिजय प्राप्त गर्नुभएको हुनाले इसाई जीवन त्यो जीवन हुनसक्दछ जहाँ पवित्र आत्माको नियन्त्रणमा रहन्छ। यदि हामी पवित्र आत्माको खतनमा रहन राजी भयौं भने शरीरको चाहनालाई नियन्त्रणमा राख्न  उहाँले दिनदिनै परमेश्वरको अनुग्रह उपलव्ध गराउन सक्नुहुन्छ।

# कथा १२
# स्वर्गमा मिलाइएको जोडी, भाग २

अर्को दिन मरिनाले केही सामग्रीहरू पढ्न सहानालाई ल्याइदिइन्। जब सहानाले ती सामग्रीहरू पढी दानिएल र प्रकाशको पुस्तक स्पष्ट भएकोमा ऊ छक्क परी। पछि मरिनाले उनलाई एलेन जी ह्वाइटद्वारा लिखित येशूको जीवनी *द डिजाएर अभ एजेज्* ल्याइदिइन्। उनले त्यस पुस्तक सरर पढी र त्यो नै सत्य हो भनेर पवित्र आत्माले उनलाई प्रभाव पारेको महसुस गरी।

सहारा आफै एडभेन्टिस्ट चर्चमा जान चाहिन् र त्यस चर्चका विश्वासीहरू अपेक्षा गरेको अनुसार सत्यमा जिइरहेका छन् कि छैनन् भनेर थाहा पाउन चाहिन्। जब एक शनिवार दुवै मरिना र सहानाले छुट्टी पाएका थिए। त्यो दिन मरिनाले उनलाई चर्चमा लगिन्। जब तिनीहरू चर्चमा पसे त्यहाँ सहानाले माइकललाई देखिन्। उसलाई सहानाले अस्पतालमा भेट गरेकी थिई। त्यस सानो झुण्डको अगुवा माइकल भएको थाहा पाउँदाा सहाना छक्क परी।

चर्च पछि सहानाले आफ्नी साथी मरिनालाई आफ्नो मनको भावना भनी "मानिसहरू कति मिलनसार र दयालु देख्छन्। तिमीले भनेकै जस्तै यो चर्च रहेछ। आखिरमा मैले आत्मिक घर पाएँ जस्तो मलाई लाग्छ।

जब त्यस दिन सहाना चर्चबाट घर फर्की तिनले आफ्ना आमाबाबुलाई उनको आराधनाको समयको अनुभव खुशीसाथ भनी। उनका आमाबाबुले सेभेन्थ-डे एढभेन्टिस्टको बारेमा कहिल्यै पनि सुनेका थिएनन्। त्यसकारण सहानाले आफ्ना बाबुआमालाई उक्त चर्चको केही आधारभूत मौलिक शिक्षाहरू सुनाई र आफूले पढेका किताबहरूको बारेमा सुनाई। उनले बाइबल खोलेर दश आज्ञाहरूको बारेमा पढी र त्यसको व्याख्या गरी। उनले परमेश्वरको व्यवस्थालाई कहिल्यै पनि हटाउनु भएको छैन न त परिवर्तन नै गर्नुभएको छ भनेर सुनाइदिई। "येशू र उहाँका चेलाहरूले त्यही आज्ञाहरू पालन गरेका थिए" भनेर उनले आफ्नो कुरा सिध्याई।

सहानाका बाबुआमाहरू त्यो कुरा सुनेर खुशी भए। उनले थाहा पाएको सत्यमा रहिरहन तिनीहरूले उनलाई भने तर तिनीहरू वर्षौंदेखि गइरहेको चर्चमा गइरहने आफ्ना प्रतिवद्धता व्यक्त गरे।

सहानाले एक वर्ष पढाएकी झनै सिद्धिन थालेको थियो र ऊ अर्कै कामको खोजिमा थिई। त्यसै वखत सहानाका बुबाआमाले उनको निम्ति दुलहा खोज्न थालेका थिए।

"मेरा बाबुआमाले कस्तो खालको दुलाहा मेरो निम्ति चुन्नेछन् त्यसदेखि मलाई चिन्ता लाग्छ। तिमी र तिम्रो पति विश्वासमा एकै भएका छौ। मेरा बाबुआमाले चुनेका केटाले एडभेन्टिस्ट भएर साबथदिनमा परमेश्वरको आराधना नगर्ने भएकोलाई चुने भनें मैले के गर्ने? मैले पाएको नयाँ आस्थालाई जगाइ राख्न मलाई गाह्रो हुनेछ। मेरै आस्थामा लागेको केटासँग म बिहा गर्न चाहन्छु" सहानाले आफ्नी साथी मरिनालाई आफ्नो दुखेसो पोखाई।